नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र

फोन नं.: ५५२११५१
फ्याक्स नं.: ५५५०२२६
इमेल: cdabc2018@gmail.com

हरिहरभवन, श्रीमहल
ललितपुर

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
हरिहरभवन, ललितपुर

प.सं.: २०६६।०६६
च.नं.: १३६

मिति : २०७६।०७।२०

विषय : आवेदन संकलनका लागि सहजिकरण गरिदिने सम्वन्धमा ।

श्री कृषि शाखा + श्री प्रशासन सहजीकरण गर्ने
६।१९

श्री प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना,
खुमलटार, ललितपुर ।

प्रस्तुत विषयमा यस केन्द्रबाट चालु आ.व. ०७६ ०७७ मा मैकै उत्पादन प्रवर्दन कार्यक्रम संचालन प्रकिया, २०७६ वमोजिम संचालन हुने गरी बारा, सर्लाही, रौतहट र सिन्धुली जिल्लामा मकै उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन हुन लागेको व्यहोरा विदितै छ । सो सम्वन्धमा यस केन्द्रबाट प्रथम पटक मिति २०७६ ०५ ३१ को प्रकाशित सूचना अनुसार उक्त कार्यक्रमको लागि सूचिकृत हुन चाहने आवेदकहरुको आवेदनहरु उक्त कार्यक्रम हुने जिल्ला स्थित परियोजना कार्यान्वयन इकाईहरुमा संकलन भएकोमा पुनः मिति २०७६ ०७ २० गते राष्ट्रिय दैनिक अन्नपूर्ण पोष्टमा दोश्रोपटक प्रकाशित (१५ दिने) सूचना अनुसार सूचिकृत हुन आउने आवेदनहरु संकलन गरी सहयोग गरिदिनुहुन तथा सूचना सम्वन्धित स्थानिय तहहरु, सम्वन्धित जिल्लाका कृषि ज्ञान केन्द्र तथा जिल्लास्थित सरकारी कार्यालयहरुमा समेत जानकारीको लागि टाँस गरिदिने व्यवस्थाको लागि अनुरोध छ । साथै दोश्रो पटक प्रकाशित १५ दिने सूचनाको प्रतिलिपी र आवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरुको चेकलिष्ट समेत यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशनानुसार अनुरोध छ ।

२०७६।०७।२०
जगन्नाथ प्न्यौपाने
(बाली संरक्षण अधिकृत)

बोधार्थ :

श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.ई. सिन्धुली

श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.ई. सर्लाही

श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.ई. रौतहट

श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.ई. बारा

ललितपुर जिल्ला प्रशासन कार्यालय
ललितपुर
द.नं. :- २०८२
मिति :- २०७६।०७।२५

Scanned by CamScanner

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र

श्रीमहल, ललितपुर

मकै उत्पादन प्रवर्द्धन कार्यक्रममा सुचिकृत हुने सम्बन्धी सूचना

सूचना नं. २

(दोश्रो पटक प्रकाशित मिति : २०७६/०७/२० गते)

यस केन्द्रको आ.व. २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **दानाको आयात प्रतिस्थापनका लागि मकै उत्पादन प्रवर्द्धन कार्यक्रम** सञ्चालनका लागी **"मकै उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया, २०७६"** बमोजिम देहाय अनुसारका जिल्ला तथा स्थानहरुमा संचालन हुने तपसिलमा उल्लेख भएका क्रियाकलापहरुमा आवद्ध हुन चाहने सोहि जिल्ला र स्थानका कृषक समूह/सहकारी/निजी उद्यमी, फर्म/कम्पनी/उपभोक्ता समितिले आवद्ध हुन चाहने कार्यक्रम समेत खुलाई यो दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सूचिकृत हुन पुनः यो सूचना प्रकाशित गरिएको छ। साथै, आवेदकहरुले आवेदन लगायत अन्य आवश्यक कागजात यस केन्द्र वा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगतका जिल्ला स्थित परियोजना कार्यान्वयन इकाइहरुमा समेत पेश गर्न सकिने व्यहोरा जानकारी गराइन्छ। पुनश्चः यस अघिको सूचना बमोजिम सुचिकृत भईसकेको आवेदकहरुले पुनः आवेदन दिनु पर्ने छैन।

तपसिल

कार्यक्रम संचालन हुने जिल्ला तथा स्थानहरु : बारा जीतपुर (सिमरा उ.म.न.पा) रौतहट (चन्द्रनीगाहपुर नगरपालिका, गुजरा नगरपालिका), सर्लाही (हरिवन नगरपालिका, लालबन्दी नगरपालिका, बागमती नगरपालिका, बरहथवा नगरपालिका) र सिन्धुली (दुधौली नगरपालिका, तीनपाटन गाउँपालिका)

क्र. सं.	कार्यक्रमको किसिम	आवद्ध हुन चाहेको क्रियाकलापमा (✓) चिन्ह लगाउने	कैफियत
१	बर्णशङ्कर मकैको क्षेत्र विस्तार		१. आवेदकहरुमध्ये व्यक्तिगत रुपमा कार्यक्रममा आवद्ध हुने कृषक/उद्यमीले कम्तिमा १ हेक्टर, समूह/सहकारी/उपभोक्ता समिति ले कम्तिमा ३० हेक्टर र प्राइभेट कम्पनीले कम्तिमा १० हेक्टर क्षेत्रफलमा बर्णशंकर मकैको खेती क्लष्टरमा गर्नु पर्ने
	बसन्ते		
२	यान्त्रिकीकरणका लागि कष्टम हायरिङ्ग स्थापना सहयोग कार्यक्रम		संचालन प्रकृयाको दफा ७ र अनुसूची ६ संग सम्बन्धित
३	मकै खेतीका लागि सिचाइ पूर्वाधार विकास कार्यक्रम		संचालन प्रकृयाको दफा ८ संग सम्बन्धित
४	मकै सुकाउन तथा भण्डारणका लागि पूर्वाधार सहयोग		संचालन प्रकृयाको दफा ९ संग सम्बन्धित

नोट :

१. आवदेकले निवेदनसाथ समावेश गर्नु पर्ने कागजातहरुको विवरण बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको वेभसाइट www.doacrop.gov.np वा कृषि विभागको वेभसाइट www.doanepal.gov.np मा हेर्न सकिने जानकारी गराइन्छ।

२. एक भन्दा बढी कार्यक्रममा आवद्ध हुन चाहने आवेदकहरुले हरेक कार्यक्रमका लागि छुट्टाछुट्टै आवेदन दिनु पर्नेछ।

थप जानकारीको लागि सम्पर्क :

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर, फोन नं. ०१-५५२१५१,

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.इ., सिन्धुली, फोन नं.: ०४७-६९२०२७

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.इ., सर्लाही, फोन नं.: ०४६-६२०५०५

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.इ., रौतहट, फोन नं.: ०५५-५६५०७८

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.इ., बारा, फोन नं.: ०५३-५५००१७

Scanned by CamScanner

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

आवेदकको लागि योग्यता तथा आवश्यक कागजातहरु

(१) कानुन बमोजिम दर्ता भई मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर लिएको ।

(२) कृषक समुह तथा कृषि सहकारीको हकमा पान नम्बर मात्र लिएकोलाई पनि योग्य मानिने छ ।

(३) गत आ.व.को आय व्ययको लेखापरिक्षण गरेको(नयाँ दर्ता भएकाको हकमा आवश्यक नपर्ने)।

(४) कम्पनी तथा निजी फर्मलाईहरुको हकमा अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र

(५) संस्थागत रुपमा आवेदन दिदा संस्थागत निर्णयको प्रतिलिपि

(६) स्थानीय तहबाट सोही प्रकृतिको कामको लागि सहयोग नभएको वा नहुने तथा कार्यक्रम समावेद गरिदिन उपयुक्त हुने भनी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

(७) कार्य सम्पन्न भएपछि कम्तीमा ५ वर्षसम्म लगातार सञ्चालन गर्न सक्ने क्षमता भएको

(८) संस्थाको आफ्नै जग्गा भएको (जग्गाको क्षेत्रफल खुल्ने प्रमाण)

(९) लिजमा लिएको भए जग्गाको स्वामित्व वा भोगाधिकारको प्रमाण पत्र (कानूनी आधार खुलेको)

(१०) कूल लागतको कम्तिमा ५० प्रतिशत व्यहोर्न क्षमता रहेको प्रमाणः बैंक ग्यारेन्टी/बैङ्क व्यालेन्स आदि (सूचीकृत हुने अवस्थामा आवश्यक नपर्ने)

(११) उत्पादन स्थल देखि बजारसम्मको सडक सञ्जालको अवस्था राम्रो भएको

नोटः अनुसूचिमा उल्लेख गरिएका भन्दा अन्य विषयहरुमा केन्द्रले स्पष्ट गर्नेछ

Scanned by CamScanner